# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समितिद्वारा संचालन गरिने राष्ट्रिय सीप परीक्षण परीक्षाको केन्द्र निर्धारण सम्झौता पत्र

............✢............

देशमा भएका दक्ष सीपयुक्त जनशक्तिहरुको सीपको स्तर पहिचान गर्ने हेतुले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समितिद्वारा स्वीकृत सीप प्रमाणिकाको आधारमा विभिन्न व्यवसायमा तहगत रुपमा राष्ट्रिय सीप परीक्षण परीक्षा संचालन गर्ने भएको र महालक्ष्मी कुलिनरी आर्ट एकेडमी (नेपाल) प्रा.लि., धोबिघाट, ललीतपुरले आफ्नो कार्यशाला वा प्रयोगात्मक कक्षामा प्राप्त सुविधा सीप परीक्षण तथा प्रमाणिकरण कार्यकमको लागि नि:शुल्क उपलब्ध गराई दक्ष सीपयुक्त व्यक्तिहरुको स्तर पहिचान गर्न सहयोग गर्ने इच्छा प्रकट गरेकोले सम्बन्धीत दुईपक्ष (१) राष्ट्रिय सीप परीक्षण समिति र (२) महालक्ष्मी कुलिनरी आर्ट एकेडमी (नेपाल) प्रा.लि., धोविघाट, ललीतपुरले देहाय बमोजिमका बुंदाहरुमा व्यवस्थापन गराउन मंजुर गरी सम्झौता गर्दछन् ।

इति सम्बत २०६४/०१/०५ रोज ४ शुभम ।

१. राष्ट्रिय सीप परीक्षण समितिले महालक्ष्मी कुलिनरी आर्ट एकेडमी (नेपाल) प्रा.लि., धोविघाट, ललीतपुरलाई सीप परीक्षण केन्द्रको रुपमा मनोनित गर्दछ र महालक्ष्मी कुलिनरी आर्ट एकेडमी (नेपाल) प्रा.लि., धोविघाट, ललीतपुर ले मनोनित सीप परीक्षण केन्द्रको रुपमा सीप परीक्षण तथा प्रमाणिकरण कार्यक्रम संम्पन्न गर्नमा पूर्ण सहयोग गर्नेछ ।
२. राष्ट्रिय सीप परीक्षण समितिद्वारा निर्धारित सीप परीक्षण कार्यक्रम संम्पन्न गराउन आवश्यक पर्ने भौतिक सुबिधाका साथै संलग्न सुचि अनुसारका मेसिन औजारहरु परीक्षण अवधी भरी सीप परीक्षण मनोनित केन्द्रले नि:शुल्क उपलब्ध गराउने छ । आवश्यक पर्ने परीक्षण सामाग्रीहरु सीप परीक्षण महाशाखाले उपलब्ध गराउनेछ ।
३. सीप परीक्षण परीक्षामा सहभागी हुने केन्द्राध्यक्ष, सुपरिवेक्षक, मुल्यांकनकर्ता, निरीक्षक, सहायक, ड्राइभर र पियनलाई वितरण गरिने परीक्षण भत्ता परिषद्को नियमानुसार राष्ट्रिय सीप परीक्षण समितिले वितरण गर्नेछ ।
४. राष्ट्रिय सीप परीक्षण समय तालीका मनोनित परीक्षण केन्द्रको दैनिक कार्यमा बाधा नपर्ने गरी परीक्षण समय तालीका तय गरिने छ ।
५. राष्ट्रिय सीप परीक्षण परीक्षामा केन्द्राध्यक्ष परीक्षण हुने केन्द्र प्रमुखनै हुनेछ ।
६. उपर्युक्त बमोजिम कार्य सम्पन्न गर्न गराउन कुनै कठिनाई परेमा वा कुनै बाधा अड्चन उठेमा परिषद् र केन्द्रका सम्बन्धित पदाधिकारीले आपसी छलफल गरी अन्तिम निर्णय गर्नेछ ।
७. यो सम्झौता पत्रको म्याद बढिमा २ वर्षको लागि हुनेछ ।

| राष्ट्रिय सीप परीक्षण समितिका तर्फबाट | महालक्ष्मी कुलिनरी आर्ट एकेडमी (नेपाल) प्रा.लि., धोविघाट, ललीतपुर तर्फबाट |
|---|---|
| १. नामः श्री चन्द्र भक्त नकर्मी | १. नामः श्री पुष्प थापा मगर |
| हस्ताक्षरः | हस्ताक्षरः |
| २. नामः श्री दीप नारायण चौधरी | २. नामः श्री भिम क्षेत्री |
| हस्ताक्षरः | हस्ताक्षरः |
| ३. नामः श्री खेटराज कोइराला | ३. नामः श्री मनु मोहन रावत |
| हस्ताक्षरः | हस्ताक्षर : |